नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**

SitRep
#७००

१० जेठ २०७९

# दैनिक विपद् बुलेटिन

जेठ ९ विहान १०:०० बजे देखि १० जेठ विहान १०:०० बजे सम्म

| घटना संख्या | मृत्यु संख्या | हराएको | घाइते | अनुमानित क्षति | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १६ | ० | ० | ३ | रु.३,४१,४२,८०० | १ | ३३ |

## घट्ना सारांश

| घटना | जिल्ला | घटना विवरणसंख्या | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| **जनावर आतंक** | काठमाडौं | गोकर्णेश्वर न.पा.- ४ गोकर्ण माइती नेपाल स्थित एक टहरामा बसीरहेका वर्ष ३६ का **एक पुरुष** र वर्ष १५ का **निजको छोरालाई** अचानक **चितुवाले आक्रमण** गर्दा **घाईते** । | ० | ० | २ | घाइतेहरुको नेपाल मेडिकल कलेज अत्तरखेलमा उपचार भईरहेको । |
| हावाहुरी | बर्दिया | **हावाहुरी**का कारण बढैयाताल गा.पा. -६ स्थित एक घरको छानो उडाई **५७ हजार ८ सय रुपैंया** बराबरको क्षति र बर्ष १४ की **एक बालिकाको** ढाड र खुट्टामा चोट लागी **घाईते** । | ० | ० | १ | - |
| | बर्दिया | **हावाहुरी**का कारण बढैयाताल गा.पा. -८ कण्ठपुर स्थित चारवटा घर , एक गोदामघर र एक गोठको छानो उडाई र आँपको रुढ ढली **९ लाख २५ हजार रुपैंया** बराबरको क्षति । | ० | ० | ० | - |
| | बर्दिया | **हावाहुरी**का कारण बढैयाताल गा.पा. -६ उचागाउ स्थित तीनवटा घर, एकवटा सामुदायिक भवन र एकवटा कुखुराको फर्मको छानो उडा ई **६ लाख रुपैंया** बराबरको क्षति । | ० | ० | ० | - |
| | बर्दिया | **हावाहुरी**का कारण गुलरिया न.पा. ११ डल्लापुर स्थित **ओमशान्ति राईस मिलको** छाना उडा ई २०० क्वीन्टल धान र २० क्वीन्टल चामल भिजि **५ लाख ७५ हजार रुपैंय** बराबरको क्षति । | ० | ० | ० | - |
| | बर्दिया | **हावाहुरी**का कारण बढैयाताल गा.पा. - ७ रामपुर टोल स्थित एक गोठ र पशुपति जोधा प्रा.बि.को टिनको छानो उडाई **२ लाख रुपैंया** बराबरको क्षति । | ० | ० | ० | - |
| | बर्दिया | बढैयाताल गा.पा.- ७ राजापुर स्थित एक घरमा **हावाहुरी**को कारण नीमको रुख ढल्न गई **१ लाख रुपैंया** बराबरको क्षति | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बर्दिया | हावाहुरीका कारण बढैयाताल गा.पा.- ७ फुलपुर स्थित एक कच्ची घरको टायल उडाई **१ लाख रुपैंया** बराबरको क्षति । | ० | ० | ० | - |
| | बर्दिया | वढैयाताल गा.पा.- ७ शिव चोक स्थित एक बोईलर कुखुराको फार्मको टिनको छानो उडाई **५० हजार रुपैया** बराबरको क्षति । | ० | ० | ० | - |
| | सर्लाही | चन्द्रनगर गा.पा. - ४ पोखरिया स्थित एक घर **हावाहुरी**का कारण पूर्णरुपमा भत्किई **६० हजार रुपैंया** बराबरको क्षति | ० | ० | ० | - |
| **आगलागी** | काठमाडौं | काठमाण्डौ म.न.पा.- ११ भोटेबहाल स्थित एक ईलेक्ट्रिक पसलमा विद्युत सर्ट भई **आगलागी** हुँदा **३ करोड रुपैंया** बराबरको क्षति । | ० | ० | ० | बृत कालिमाटी को टोली , स्थानीय र दमकलको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |
| | तेह्रथुम | छथर गा.पा.- ४ नौ सिंहे स्थित समृद्ध छथर एग्रो फर्ममा बिधुत सर्ट भई **आगलागी** हुदाँ ९ वटा बाखाको मृत्यु भई **९ लाख ७५ हजार रुपैंया** बराबरको क्षति । | ० | ० | ० | अ.प्र.पोष्ट शनिश्चरे को टोली र स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |
| | उदयपुर | कटारी न .पा.- ८ कुरिङभज्याङ्ग स्थित एक गाईगोठमा बिद्युतको तार सर्ट भई **आगलागी** हुँदा गोठ र बाखा १९ वटा र गाई ५ वटा जली मृत्यू भ ई **३ लाख ५० हजार रुपैंया** बराबरको क्षति । | ० | ० | ० | स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | दाङ्ग | राप्ती गा.पा. - ८ बिजौरी स्थित एक घरको कोठामा बिजुलीको तार सर्ट भई **आगलागी** हुँदा **१ लाख ५० हजार रुपैंया** बराबरको क्षति । | ० | ० | ० | ई.प्र.का. सिसहनियाको टोली र स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |
| | दैलेख | डुङगेश्वर गा.पा.- ५ स्थित रोकीराखेको मो.सा.मा अचानक **आगलागी** हुँदा मो.सा. पूर्णरुपमा जली नष्ट । | ० | ० | ० | - |
| **पहिरो** | पाल्पा | तिनाउ गा.पा. - ५ कालिमाटी स्थित **सिद्दार्थ राजमार्ग** मा **सुख्खा पहिरो** झरी **बाटो अवरोध** । | ० | ० | ० | - |
| **जम्मा संख्या** | **८** | **१६** | **०** | **०** | **३** | |

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि**

**www.twitter.com/ndrrma_Nepal र**

**www.facebook.com/ndrrma/videos र**


**www.youtube.com/NDRRMA मा जानुहोस् ।**

| २०७९ वैशाख १ देखि जेठ १० गते सम्मका विपद्का प्रमुख घट्नाहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| **घटना** | **घटना संख्या** | **मृतक** | **वेपत्ता** | **घाईते** | **प्रभावित परिवार** | **अनुमानित क्षति रु.** |
| पहिरो | ३ | १ | ० | ० | ७ | ० |
| बाढी | ० | ० | ० | ० | ० | ० |
| भारी बर्षा | १ | ० | ० | ० | ० | ० |
| चटयाङ्ग | ४२ | १७ | ० | ३७ | ६२ | ७१३००० |
| सर्पदंश | ४ | २ | ० | ३ | ४ | ० |
| आगलागी | ३२० | १३ | ० | ४८ | ३८० | ३४०००८६०० |
| जङ्गल आगलागी | ४६ | ० | ० | २ | २८ | १२३८५००० |
| हावाहुरी | ६८ | ६ | ० | १९ | १७१ | २४९३४८०० |
| जनावर आतंक | १७ | ३ | ० | १२ | २० | ४८५५०० |
| **जम्मा संख्या** | **५०१** | **४२** | **०** | **१२१** | **६७२** | **३७,८५,२६,९००** |

**दैनिक वर्षा (Daily Precipitation) को सारांशः**


जेठ ०९ गते बिहान ०८:४५ बजे देखि जेठ १० गते बिहान ०८:४५ बजे सम्मको वर्षा

आज मिति २०७९/०२/१० गते बिहान ०८:४५ बजे २१३ वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालित: ७२ र स्वचालितः १४१) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार १३१ वटा केन्द्रमा वर्षा भएको छ(नक्सा १)।उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (७५.५ मि. मि.) सिराहा जिल्लाको लहान केन्द्रमा भएको छ। वर्षा मापन गरिएका केन्द्रहरु मध्ये ३७ वटा केन्द्रमा १० मि. मि. भन्दा बढी , १२ वटा केन्द्रमा २५ मि. मि. भन्दा बढी र २ वटा केन्द्रमा ५० मि. मि. भन्दा बढी वर्षा भएको छ।





*नक्सा १:जेठ ०९गते बिहान ०८:४५ बजे देखि जेठ १० गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि. मि.)*

**दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (Daily Maximum Temperature)को सारांशः**




*नक्सा २: जेठ ०९ गते बिहान ०८:४५ बजे देखि जेठ १० गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)*




*नक्सा ३: जेठ ०८ गते साँझ ०५:४५ बजे देखि जेठ ०९ गते साँझ ०५:४५ बजे सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)*

तालिका १: २०७९/०२/१० गते बिहान ०८:४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०७९/०२/०९ गते साँझ ०५:४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण।

| तापक्रम(डि.से.) | न्यूनतम तापक्रम(केन्द्र संख्या) | अधिकतम तापक्रम(केन्द्र संख्या) |
|---|---|---|
| ५ देखि १० | ५ | _ |
| १० देखि १५ | १५ | _ |
| १५ देखि २० | २५ | ६ |
| २० देखि २५ | २६ | १३ |
| २५ देखि ३० | _ | १७ |
| ३० देखि ३५ | _ | ३८ |
| ३५ देखि ४० | _ | २ |
| जम्मा केन्द्र संख्या (वटा) | ७१ | ७६ |
| सबैभन्दाबढी/केन्द्र, जिल्ला | २४.०डि.से./विरगञ्ज, पर्सा | ३७.०डि.से./दुम्कौली, नवलपुर |
| सबैभन्दाकम/केन्द्र, जिल्ला | ५.२डि.से./थाकमार्फा, मुस्ताङ | १५.०डि.से./सिमीकोट, हुम्ला |

नोटःडि.से.=डिग्रीसेल्सियस

**वर्षा तथा जलवायु सम्बन्धी थप जानकारीको लागि[www.dhm.gov.np/climate/](http://www.dhm.gov.np/climate/)मा हेर्नुहोस।**